# सात दल सम्मिलित सरकारी वार्ता समिति र संघीय लिम्वुवान राज्य परिषद्बीच भएको सहमति

## मिति २०६४/१२/६ मा सम्पन्न भएको सहमति

नेपालमा कायम रहेको सामन्ती, केन्द्रिकृत शासन सत्ता र एकात्मक राज्य संरचनाले लिम्वुवानबासी जनतालाई राज्यको मुलधारबाट पाखा लगाई शोषण, उत्पीडन गरेको र त्यसका विरुद्ध आफनो असन्तुष्टी जाहेर गर्दै आएको र ऐतिहासिक जनआन्दोलन २०६२/६३ को मर्म र भावनालाई सम्बोधन गर्ने गरी राज्यको पुनः संरचना गर्ने भनिएकोमा सोही भावनालाई आत्मसात गर्दै संघीय लोकतान्त्रिक गणतन्त्र, जातिय पहिचानसहितको अधिकार र स्वायत्तताको लागि ऐतिहासिक पृष्ठभुमीका आधारमा आत्मनिर्णयको अधिकारसहितको लिम्बुवान स्वायत्त राज्यको माग गरी आन्दोलन गर्दै आएको सन्दर्भमा राज्यलाई पुनःसंरचना गर्दा लिम्बुवान लगायत सम्पूर्ण नेपाली जनतालाई एउटै राष्ट्रिय मुल प्रवाहमा समाहित गरी शान्त, समृद्ध र आधुनिक नयाँ नेपाल बनाउने प्रतिवद्धता ब्यक्त गर्दै हामी तपसिलमा रहेका पक्षहरु सनम्न लिखित सहमतिमा पुगेका छौं ।

१. लिम्वुवानवासी जनताको उत्कट चाहना र आन्दोलनलाई सम्बोधन गरी राष्ट्रिय एकता, अखण्डता र सार्वभौमिकतालाई अक्षुण राख्दै संविधानसभाबाट वर्तमान नेपालको राज्य पुनःसंरचना गर्दा लिम्बुवानको ऐतिहासिक पृष्ठभुमी, भौगोलिक क्षेत्र लगायतका आधारमा स्वायत्त राज्यहरुको संवैधानिक ब्यवस्था गरी संघीय शासन प्रणाली अवलम्बन गरिनेछ ।

२. लिम्वुवानवासी जनताले गरेको आन्दोलनको क्रममा शहादत प्राप्त गरेका स्व. राजकुमार आङदेम्बे ( माङतोक) लाई शहीदको रुपमा सम्मान गर्दै निजको परिवारलाई रु दश लाख क्षतिपूर्ति उपलब्ध गराइने छ र सो क्रममा भएका क्षतिको क्षतिपुर्ति र घाइतेको उपचार गराउने ब्यवस्था सरकारले गर्नेछ साथै आन्दोलनकारी माथि लगाइएका मुद्धा सरकारले तुरुन्त फिर्ता लिने छ ।

३. राज्य पुनःसंरचना आयोग निर्माण गर्दा संघीय लिम्बुवान राज्य परिषदको प्रतिनिधत्वि गराइने छ ।

४. माथिका बुँदाहरुमा भएका सहमतिलाई मन्त्रीपरिषदबाट अनुमोदन गराई सार्वजानिक गरिने छ ।

५. आज भएको दुई पक्षबीचको सहमति पश्चात संघीय लिम्बुवान राज्य परिषदद्धारा संचालन गरिएका आन्दोलनका सम्पूर्ण कार्यक्रम स्थगन गरी संविधानसभाको निर्वाचन सहज वातावरणमा सम्पन्न गराउन सहयोग गरिने छ ।

संघीय लिम्बुवान राज्यपरिषदका तर्फबाट
श्री सञ्जुहाङ पालुङवा
अध्यक्ष तथा वार्ताटोली संयोजक

सात दल सम्मिलित सरकारी वार्ता समितिको तर्फबाट
श्री रामचन्द्र पौडेल
संयोजक